माईजोगमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ५ मितिः २०७६/०५/२७

**भाग- १**

**माईजोगमाई गाउँपालिका**

**नयाँबजार, इलाम**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले

नामः चन्द्र प्रकास बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

# भाग- १
# माईजोगमाई गाउँपालिका
## <u>सम्बत् २०७६ सालको ऐन नं. १</u>

### माईजोगमाई गाउँपालिकाको आर्थिक ऐन ,२०७६

सभाबाट स्वीकृत भएको मितिः २०७६/०३/१०

**प्रस्तावनाः** माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माईजोगमाई गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (२) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि माईजोगमाई गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर/घरधुरी कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यावसय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **हाटबजार कर:** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१०) बमोजिम **हाटबजार कर लगाईने र असुल उपर गरिने छ** ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

# अनुसूची १

## १. सम्पत्ति करको दर

| सि.नं. | करयोग्य सम्पत्तिको मुल्य रु | दर | कैफियत |
|---|---|---|---|
| १. | २ लाख रुपैया सम्म | एकमुष्ट रु ५०-/ | घर र घरले चर्चेको जग्गाको मुल्यांकन गरी नियमानुसार सम्पती कर आगामी श्रवण १ गते देखि लागू हुनेछ । |
| २. | २ लाख १ रुपैया देखि ५ लाख रुपैया सम्म | थप रु ५०-/ | |
| ३. | ५ लाख १ देखि ५० लाख रुपैया सम्म | प्रतिलाख रु २०-/ | |
| ४. | ५० लाख १ देखि १ करोड  रूपैया सम्म | प्रतिलाख रु २५-/ | |
| ५. | १ करोड १  देखि २ करोड  रुपैया सम्म | प्रतिलाख रु ३०-/ | |
| ६. | २ करोड १ देखि ३ करोड रुपैया सम्म | प्रतिलाख रु ३५-/ | |
| ७. | ३ करोड १ देखि  ५ करोड रुपैया सम्म | प्रतिलाख रु ५०-/ | |
| ८. | ५ करोड रुपैया देखि माथी | प्रतिलाख रु ६०-/ | |

# अनुसुची २

| क्र.स | सेवाका प्रकार तथा विवरण | आ.व.२०७४/०७५ को दररेट (रु) | आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु) | आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु) | कै. |
|---|---|---|---|---|---|
| **भूमि कर (मालपोत) पाखो तर्फ  प्रति रोपनी** | | | | | |
| १ | अब्बल | १० | १० | ११ | |
| २ | दोयम | ९ | ९ | १० | |
| ३ | सिम | ८ | ८ | ९ | |
| ४ | चाहार | ७ | ७ | ८ | |
| **भूमि कर (मालपोत) खेत तर्फ धनहर प्रति रोपनी** | | | | | |
| प्रतिरोपनी निम्नअनुसार कायम गरियो | | | | | |
| ६ | अब्बल | २० | २० | २२ | |
| ७ | दोयम | १५ | १५ | १७ | |
| ८ | सिम | १० | १० | ११ | |
| ९ | चाहार | ८ | ८ | ९ | |

माई जोगमाई गाउँपालिकाको राजपत्र

## अनुसुची ३

**घर बहाल कर** :

यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज, मेसिनरी, डोजर लगायत निर्माणका साधन र अन्य साधनहरु भाडामा लगाएमा भाडा रकम १०% बहाल कर लाग्ने छ ।

## अनुसुची ४

**ब्यवसाय सञ्चालन तथा नविकरण कर**

यस गाउँपालिका क्षेत्र भित्रको ब्यबसायमा निम्न अनुसार कर लाग्ने छ ।

| क्र.सं. | विवरण | आ.व.२०७४/०७५ को दररेट (रु) | आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु) | आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु) | कै. |
|---|---|---|---|---|---|
| १ | चिया,नास्ता,सामान्य किरानापसल,सामान्य कस्मेटीक पसल बार्षिक कर | ५००/- | ५००/- | ५००/- | |
| २ | रेष्टुरेन्ट,होटल,बार, बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| ३ | खाद्यान्न पसल,किराना पसल बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| ४ | तयारी पोसाक तथा काँचो कपडा पसल बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| ५ | स्टेसनरी तथा खेलकुद सामग्री पसल बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| ६ | माछा मासु पसल बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| ७ | बाल काट्ने सैलुन बार्षिक कर | ५००/- | ५००/- | ५००/- | |
| ८ | ब्यूटी पार्लर बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| ९ | निर्माण सामग्री पसल / हाड्वायेर पसल बार्षिक कर | २५००/- | २५००/- | २५००/- | |
| १० | भाँडा पसल बार्षिक कर | २५००/- | २५००/- | २५००/- | |
| ११ | मोटर साइकल वर्कसप बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |

माडीगाउँपालिकाको राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | जिप,बस,ट्रक,ट्रेक्टर, वर्कसप बार्षिक कर | ३०००/- | ३०००/- | ३०००/- | |
| १३ | सामान्य औषधी पसल बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| १४ | ल्याव,एक्सरे सहितको औषधी पसल बार्षिक कर | ३०००/- | ३०००/- | ३०००/- | |
| १५ | सून चाँदी पसल बार्षिक कर(बनाउने मात्र) | २०००/- | २०००/- | २०००/- | |
| १६ | सून चाँदी पसल बार्षिक कर ( खरिद बिक्री र बनाउने) | ३०००/- | ३०००/- | ३०००/- | |
| १७ | मदिरा तथा सूर्तिजन्य पसल बार्षिक कर | ३०००/- | ३०००/- | ३०००/- | |
| १८ | सामानको थोक बिक्रेता (गल्ला तथा किराना) बार्षिक कर | ५०००/- | ५०००/- | ५०००/- | |
| १९ | टेलरीङ्ग पसल बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| २० | निर्माण ब्यबसायी (ग र घ) बार्षिक कर | २५००/- | २५००/- | २५००/- | |
| २१ | निर्माण ब्यबसायी (ख) बार्षिक कर | १००००/- | १००००/- | १००००/- | |
| २२ | निर्माण ब्यबसायी(क) बार्षिक कर | २५०००/- | २५०००/- | २५०००/- | |
| २३ | ग्रिल उद्योग बार्षिक कर | ३०००/- | ३०००/- | ३०००/- | |
| २४ | फर्निचर उद्योग तथा ब्यबसाय बार्षिक कर | ३०००/- | ३०००/- | ३०००/- | |
| २५ | खाद्य उद्योग (समोसा,पाउरोटी,चाउमीन,चाउचाउ र अन्य) बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| २६ | जल विद्युत आयोजना प्रति बर्ष एक मुस्ट | १००००/- | १००००/- | १००००/- | |
| २७ | कुटानी पिसानी मिल बार्षिक कर | ५००/- | ५००/- | ५००/- | |
| २८ | कुटानी पिसानी पेलानी मिल बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| २९ | क्रसर उद्योग बार्षिक कर | २५०००/- | २५०००/- | २५०००/- | |
| ३० | अन्य उद्योग बार्षिक कर | १०००/- | १०००/- | १०००/- | |
| ३१ | ईट्ट तथा ब्लक उद्योग बार्षिक कर | ५०००/- | ५०००/- | ५०००/- | |
| ३२ | अन्य उद्योग तथा ब्यबसाय बार्षिक कर | २०००/- | २०००/- | २०००/- | |
| ३३ | माछा मार्ने अनुमति बार्षिक कर | ५००/- | ५००/- | ५००/- | |
| ३४ | बोडिङ स्कुल बार्षिक कर (आधार भुत तह) | ३०००/- | ३०००/- | ३०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | बोडिङ स्कुल बार्षिक कर (माध्यमिक तह) | ८०००/- | ८०००/- | ८०००/- | |
| ३६ | लघु वित्त कम्पनी बार्षिक कर | ८०००/- | ८०००/- | ८०००/- | |
| ३७ | सहकारी संस्थाको बार्षिक कर | ०/- | ०/- | ०/- | |
| ३८ | बैंक तथा वित्तिय संस्था बार्षिक कर (क वर्ग) | २५०००/- | २५०००/- | २५०००/- | |
| ३९ | बैंक तथा वित्तिय संस्था बार्षिक कर (ख वर्ग) | २००००/- | २००००/- | २००००/- | |
| ४० | बैंक तथा वित्तिय संस्था बार्षिक कर (ग वर्ग) | १५०००/- | १५०००/- | १५०००/- | |
| ४१ | बैंक तथा वित्तिय संस्था बार्षिक कर (घ वर्ग) | १००००/- | १००००/- | १००००/- | |
| ४२ | टेलिफोन नेट्वार्क टावर बार्षिक कर | १५०००/- | १५०००/- | १५०००/- | |
| ४३ | दन्ड जरिवाना | नियमानुसार/ अध्यक्षले तोके वमोजिम | नियमानुसार/ अध्यक्षले तोके वमोजिम | नियमानुसार/ अध्यक्षले तोके वमोजिम | |
| ४४ | माथि उल्लेख नभएका अन्य व्यवसाय प्रति बर्ष | १०००/- | १०००/- | १०००/- | |

माईजोगमाई गाउँपालिका

**अनुसुची ५**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| **क्र.स.** | **सेवाका प्रकार तथा विवरण** | **आ.व.२०७४/०७५ को दररेट (रु)** | **आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु)** | **आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु)** | **कै.** |
|---|---|---|---|---|---|
| १ | चिराईतो | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| २ | टिमुर | विक्री मूल्यको ५% | विक्री मूल्यको ५% | विक्री मूल्यको ५% | |
| ३ | हलचुड | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ४ | लोक्ता | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ५ | सतुवा | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | खानाक्पा | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ७ | चिङफिङ | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ८ | निगालो ,मालिङ्गो ,घुडे | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ९ | बुढो ओखति | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| १० | पाखन वेद | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| ११ | बोझो | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| १२ | पतकर,सुकेका काठ दाउरा,घाँस,घोचा,अमरिसो | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |
| १३ | नेपाल सरकारले प्रतिबन्धित नगरेको अन्य वन पैदावार | विक्री मूल्यको २% | विक्री मूल्यको २% | विक्री मूल्यको २% | |

## अनुसुची ६

**सवारी साधन कर**

| **क्र.स.** | **सेवाका प्रकार तथा विवरण** | **आ.व.२०७४/०७५ को दररेट (रु)** | **आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु)** | **आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु)** | **कै.** |
|---|---|---|---|---|---|
| १ | मोटर साइकल बार्षिक कर | ५०० | ५०० | ५०० | |
| २ | कार, जीप, भ्यान बार्षिक कर | १००० | १००० | १००० | |
| ३ | ट्र्याक्टरबार्षिक कर | १५०० | १५०० | १५०० | |
| ४ | मिनी बस, मिनी ट्रक बार्षिक कर | २००० | २००० | २००० | |
| ५ | बस, ट्रक बार्षिक कर | २५०० | २५०० | २५०० | |
| ६ | हेभी, गाडी, डोजर, क्रेन बार्षिक कर | ३००० | ३००० | ३००० | |

माईजोगमाई गाउँपालिकाको राजपत्र

## अनुसुची ७

### विज्ञापन कर

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७४/०७५ को दररेट (रु) | आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु) | आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु) | कै. |
|---|---|---|---|---|---|
| १ | डिजीटल डिस्प्ले प्रति वर्ग फुट प्रति बर्ष | ५० | ५० | ५० | |
| २ | पर्खाल, बार, भित्तामा कम्पनी संस्थाको रंग पोतेको प्रति वर्ग फुट | ५० | ५० | ५० | |
| ३ | साइन बोडर्, होडिंग बोर्ड प्रति वर्ग फुट | ५० | ५० | ५० | |

## अनुसुची ८

### मनोरन्जन कर

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व.२०७४/०७५ को दररेट (रु) | आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु) | आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु) | कै. |
|---|---|---|---|---|---|
| १ | मेला महोत्सव सञ्चालन प्रत्येक पटकको | २५०००/- | २५०००/- | २५०००/- | |
| २ | हाईभिजन हल | ५०००/- | ५०००/- | ५०००/- | |

## अनुसुची ९

**सेवा शुल्क दस्तुर**

| क्र.स | सिफारिस तथा अन्य दस्तुर शुल्क | आ.व.२०७४/०७५ को दररेट (रु) | आ.व.२०७५/०७६ को लागि स्वीकृत दररेट (रु) | आ.व.२०७६/०७७ को लागि स्वीकृत दररेट (रु) | कै. |
|---|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस साधारण | २०० | २०० | २०० | |
| २ | नागरिकता सिफारिस मुचुलका सहित | ३५० | ३५० | ३५० | |
| ३ | अंगिकृत नागरिकता सिफारिस बैबाहिक | ५०० | ५०० | ५०० | |
| ४ | नाता प्रमाणित जिवित संगको | ३५० | ३५० | ३५० | |
| ५ | नाता प्रमाणित मृतक संगको | ३५० | ३५० | ३५० | |
| ६ | नागरिकता प्रतिलिपि सिफारिस | ५०० | ५०० | ५०० | |
| **सिफारिस दस्तुर** | | | | | |
| ७ | पारिवारिक विवरण सिफारिस | २०० | २०० | २०० | |
| ८ | बसोबास प्रमाणित सिफारिस | ५०० | ५०० | ५०० | |
| ९ | नावालक सिफारिस | २०० | २०० | २०० | |
| १० | जन्म मिति प्रमाणित सिफारिस | १५० | १५० | १५० | |
| ११ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | ३५० | ३५० | ३५० | |
| १२ | अविवाहित प्रमाणित सिफारिस | ५०० | ५०० | ५०० | |
| १३ | जिवित रहेको सिफारिस | ५०० | ५०० | ५०० | |
| १४ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | २०० | २०० | २०० | |
| १५ | चारीत्रिक प्रमाणित सिफारिस | ५०० | ५०० | ५०० | |
| १६ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | २०० | २०० | २०० | |
| १७ | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी | ३५० | ३५० | ३५० | |
| १८ | विद्‌युत मिटर जडान सिफारिस(घरायसी) | ३५० | ३५० | ३५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | विद्‌युत मिटर जडान सिफारिस (उद्योग) | १५०० | १५०० | १५०० | |
| २० | अन्य प्रमाणित वा सिफारिस | २५० | २५० | २५० | |
| २१ | गोलिया तथा रुख कटान सिफारिस प्रमाणित (१ ओटा देखि २५ ओटा सम्म ) | १५०० | १५०० | १५०० | |
| २२ | २६ वटा रुख देखि माथि (प्रति थप रुख) सिफारिस | ५० | ५० | ५० | |
| २३ | गोलिया कटान म्याद थप सिफारिस | ५००० | ५००० | ५००० | |
| २४ | ठूला उद्योग सिफारिस | ५००० | ५००० | ५००० | |
| २५ | मझौला उद्योग सिफारिस | २५०० | २५०० | २५०० | |
| २६ | साना तथा घरेलु उद्योग | १५०० | १५०० | १५०० | |
| २७ | व्यवसाय बन्द तथा नाम परिवर्तन | ३५० | ३५० | ३५० | |
| २८ | व्यवसाय सञ्चालन भएको सिफारिस | ३५० | ३५० | ३५० | |
| २९ | व्यवसाय नभएको सिफारिस | ५०० | ५०० | ५०० | |
| ३० | व्यवसाय दर्ता सिफारिस | १००० | १००० | १००० | |
| ३१ | व्यवसाय दर्ता | १००० | १००० | १००० | |
| ३२ | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | ५००० | ५००० | ५००० | |
| ३३ | मदिरा व्यवसाय सिफारिस (थोक) | १०००० | १०००० | १०००० | |
| ३४ | संघ संस्था दर्ता सिफारिस, अन्य सिफारिस | ५०० | ५०० | ५०० | |
| ३५ | वडा सर्जमिन | ५०० | ५०० | ५०० | |
| ३६ | प्लटिङ्ग इजाजत प्रति रोपनी | २००० | २००० | २००० | |
| ३७ | वनजन्य वस्तुको सिफारिस | १५०० | १५०० | १५०० | |
| ३८ | पर्यटन स्तरीय होटल सिफारिस | २००० | २००० | २००० | |
| ३९ | होटल दर्ताको सिफारिस | १००० | १००० | १००० | |
| ४० | निजी वैंक तथा बित्तीय संस्था स्थापना अनुमति सिफारिस | २५०० | २५०० | २५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | जग्गा धनी पूर्जा प्रतिलिपि सिफारिस | २०० | २०० | २०० | |
| ४२ | घर पातल प्रमाणित | ३५० | ३५० | ३५० | |
| ४३ | पुर्जामा घर कायम सिफारिस | ५०० | ५०० | ५०० | |
| ४४ | जग्गामा हदबन्दि परिवार कायमको सिफारिस | | १००० | १००० | |
| **जग्गा रजिष्ट्रेशन पास** | | | | | |
| ४५ | पहिलो कित्ता | २०० | २०० | २०० | |
| ४६ | पहिलो कित्ता पछि थप प्रति कित्ता | ५० | ५० | ५० | |
| ४७ | ट्रेस नक्सा निर्माण प्रति कित्ता | ४०० | ४०० | ४०० | |
| ४८ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | १५० | १५० | १५० | |
| ४९ | उजुरी निवेदन दस्तुर | १०० | १०० | १०० | |
| ५० | मिला  पत्र दस्तुर | ३५० | ३५० | ३५० | |
| ५१ | जग्गा दर्ता वा नामसारी सिफारिस २० रोपनी सम्म | ४०० | ४०० | ४०० | |
| ५२ | थप प्रति रोपनी | ५० | ५० | ५० | |
| ५३ | राजिनामा, बकसपत्र सिफारिस | ५०० | ५०० | ५०० | |
| ५४ | अशंवण्डा सिफारिस | २०० | २०० | २०० | |
| ५५ | नाम सच्याई सर्जमिन | ३०० | ३०० | ३०० | |
| ५६ | अमिन खटन दस्तुर प्रति कित्ता वडा नं. १,२ र ३ | १००० | १००० | १००० | |
| ५७ | अमिन खटन दस्तुर प्रति कित्ता वडा नं. ४, ५ र ६ मा | २००० | २००० | २००० | |
| ५८ | घर नक्सा नामसारी | १००० | १००० | १००० | |
| ५९ | उद्योग नामसारी ठूलो | २००० | २००० | २००० | |
| ६० | उद्योग नामसारी मझौला | १५०० | १५०० | १५०० | |
| ६१ | उद्योग नामसारी सानो | १००० | १००० | १००० | |
| **चार किल्ला प्रमाणित** | | | | | |

माईजोगमाई गाउँपालिकाको राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | पहिलो कित्ता | ३०० | | ३०० | |
| ६३ | पहिलो कित्ता पछि थप प्रति कित्ता | १०० | | १०० | |
| **घर जग्गा मूल्याङ्कन** | | | | | |
| ६४ | १ लाख देखि १० लाख सम्म | १००० | १००० | १००० | |
| ६५ | १० लाख देखि २० लाख सम्म | २००० | २००० | २००० | |
| ६६ | २० लाख भन्दा माथि थप प्रति लाख | २०० | २०० | २०० | |
| ६७ | नक्सा पास किताव | ५०० | ५०० | ५०० | |
| ६८ | आय श्रोत प्रमाणित प्रति लाख प्रति वर्ष | १०० | १०० | १०० | |
| **निजी विद्यालयको कक्षा वृद्धि / तह वृद्रि** | | | | | |
| ६९ | कक्षा वृद्धि | १००० | | १००० | |
| ७० | तह वृद्धि | २००० | | २००० | |
| **सामुदायीक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | | | |
| ७१ | कक्षा वृद्धि | ५०० | ५०० | ५०० | |
| ७२ | तह वृद्धि | १००० | १००० | १००० | |
| ७३ | क्याम्पस / कलेज स्तर | १५०० | १५०० | १५०० | |
| **अन्य** | | | | | |
| ७४ | पञ्जीकरण, विवाह, जन्म, मृत्यु, बसाईसराई दर्ता | ३५ दिन सम्म निशुल्क र त्यस पछि रु। १०० | ३५ दिन सम्म निशुल्क र त्यस पछि रु। १०० | ३५ दिन सम्म निशुल्क र त्यस पछि रु। १०० | |
| ७५ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | २०० | २०० | २०० | |
| ७६ | आन्तरिक बसाईसराई सिफारिस | गा.पा. भित्र २००, गा.पा. बाहिर ५०० | गा.पा. भित्र २००, गा.पा. बाहिर ५०० | गा.पा. भित्र २००, गा.पा. बाहिर ५०० | |
| ७७ | चौपाया निकासी दस्तुर प्रति गोटा(भेडा बाख्रा खसी बोका) सिफारिस | ५० | ५० | ५० | |
| ७८ | | | | | |

माइजोगमाई गाउँपालिकाको राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | चौपाया निकासी दस्तुर प्रति गोटा(राँगा, भैसी आदी) सिफारिस | १०० | १०० | १०० | |
| ८० | संघ संस्था, क्लव, इस्टीच्युट आदि दर्ता अभिलेख | २००० | २००० | २००० | |
| ८१ | समुह दर्ता वा नविकरण | ५०० | ५०० | ५०० | |
| ८२ | कुटानी पिसानी मिल सिफारिस | १५०० | १५०० | १५०० | |
| ८३ | स मिल काठचिरानी सिफारिस | १००० | १००० | १००० | |
| ८४ | संस्था नविकरण | १००० | १००० | १००० | |
| ८५ | नाम, थर, जन्म मिति सिफारिस | २०० | २०० | २०० | |
| ८६ | उद्योग दर्ता (५ देखि २० हर्ष पावर सम्म) | ७०० | ७०० | ७०० | |
| ८७ | उद्योग दर्ता (२० हर्ष पावर भन्दा माथि) | १५०० | १५०० | १५०० | |
| ८८ | स मिल काठ चिरानी दर्ता | ४००० | ४००० | ४००० | |
| ८९ | फर्निचर उद्योग दर्ता | २००० | २००० | २००० | |
| ९० | डेरी उद्योग दर्ता | १००० | १००० | १००० | |
| ९१ | निर्माण व्यवसाय दर्ता | १००० | १००० | १००० | |
| ९२ | परामर्श सेवा दर्ता | १५०० | १५०० | १५०० | |
| **निजी विद्यालय सिफारिस / दर्ता** | | | | | |
| ९३ | शिशु कक्षा संचालन दर्ता | ३००० | ३००० | ३०००/- | |
| ९४ | आधारभूत स्तर | ४००० | ५००० | ५०००/- | |
| ९५ | माध्यमिक स्तर | | १००००/- | १००००/- | |
| **सामुदायीक विद्यालय सिफारिस / दर्ता** | | | | | |
| ९६ | शिशु कक्षा संचालन दर्ता | निशुल्क | निशुल्क | निशुल्क | |
| ९७ | आधारभूत स्तर | निशुल्क | निशुल्क | निशुल्क | |
| ९८ | माध्यमिक स्तर | निशुल्क | निशुल्क | निशुल्क | |
| **विद्यालयको ठाउँसारी गर्ने सिफारिस** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९ | निजी | ५००० | ५००० | ५००० | |
| १०० | सामुदायिक | १००० | १००० | १००० | |
| **घडेरी प्लटिङ्गमा बाटोको लगत कट्टी** | | | | | |
| १०१ | १ रोपनी सम्म | १५०० | १५०० | १५०० | |
| १०२ | ५ रोपनी सम्म | २५०० | २५०० | २५०० | |
| १०३ | ५ रोपनी भन्दा माथि | ५००० | ५००० | ५००० | |
| **सिफारिस तथा अन्य दस्तुर शुल्क** | | | | | |
| १०४ | घर जग्गा करको लेखा जोखा सिफारिस | २०० | २०० | २५० | |
| १०५ | निशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | निःशुल्क | निःशुल्क | |
| १०६ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १५० | १५० | १५० | |
| १०७ | आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित | स्वदेशी प्रयोजन १००० र वैदेशीक प्रयोजन ५००० | स्वदेशी प्रयोजन १००० र वैदेशीक प्रयोजन ५००० | स्वदेशी प्रयोजन १००० र वैदेशीक प्रयोजन ५००० र थप प्रति शिफारिस रु ५०० /- | |
| १०८ | संस्थागत संरक्षक सिफारिस | ३५० | ३५० | ३५० | |
| १०९ | व्यक्तिगत संरक्षक सिफारिस | ३५० | ३५० | ३५० | |
| ११० | हकवाला वा हकदार सिफारिस र प्रमाणित | ३५० | ३५० | १०००/- | |
| १११ | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | ४०० | ४०० | ५००/- | |
| ११२ | पालन पोषण सिफारिस | २०० | २०० | २०० | |
| ११३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | निःशुल्क | निःशुल्क | |
| ११४ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | ५००० | ५००० | ५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११५ | कच्ची घरको RCC बाहेक एकमुषट | ५०० | ५०० | ५०० | |
| ११६ | RCC को लागि नयाबजार, तथा मूलसडक क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला | १० | १० | १० | |
| ११७ | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला (अन्य क्षेत्रमा) | ५ | ५ | ५ | |
| ११८ | RCC को लागि नयाँबजार र मूलसडकमा पर्नेको प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेको | १५ | १५ | १५ | |
| ११९ | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेका (अन्य क्षेत्रमा) | १० | १० | १० | |
| | **अन्य** | | | | |
| १२० | नयाँ घट्ट दर्ता | २००० | २००० | २००० | |
| १२१ | विद्युतबाट चल्ने घट्ट दर्ता | २००० | २००० | २००० | |
| १२२ | ३ महिना सम्म संचालन हुने | १५० | १५० | १५० | |
| १२३ | ६ महिना सम्म संचालन हुने | २५० | २५० | २५० | |
| १२४ | १२ महिना संचालन हुन | ३५० | ३५० | ३५० | |
| १२५ | घट्ट बन्द सिफारिस तथा प्रमाणित | ५०० | ५०० | ५०० | |
| | **सेवा शुल्क** | | | | |
| १२८ | मोहि लगत कट्टा | ३५० | ३५० | ३५० | |
| | **छात्रवृति सिफारीस** | | | | |
| १२९ | विपन्न | निशुल्क | निशुल्क | निशुल्क | |
| १३० | सम्पन्न | २५० | २५० | २५० | |
| १३१ | अन्तराष्ट्रिय अध्ययन छात्रवृति सिफारिस | ५००० | ५००० | ५००० | |
| १३२ | अपाङ्गता सिफारिस | ५० | ५० | ५० | |
| १३३ | स्थाई वसोवास सिफारिस | ३५० | ३५० | ३५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३४ | अस्थायी वसोवास सिफारिस | ३५० | ३५० | ३५० | |
| १३५ | कोट फि मिनाह सिफारिस | निशुल्क | निशुल्क | निशुल्क | |
| १३६ | छुट जग्गा दर्ता सिफारिस | ५००० | ५००० | ५००० | |
| १३७ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २०० | २०० | २०० | |
| १३८ | कोठा खोल्ने रोहवरमा बस्ने | ५०० | ५०० | ५०० | |
| १३९ | अन्य कार्यालयका माग अनुसार सिफारिस | २०० | २०० | २०० | |
| १४० | घर बाटो प्रमाणीत | साधारण २०० जटिल ३५० | साधारण २०० जटिल ३५० | साधारण २०० जटिल ३५० | |
| १४१ | जग्गा रेखांकनको कार्यमा रोहोबरमा बस्ने | ५०० | ५०० | ५०० | |
| **सवारी साधन अभिलेख दस्तुर** | | | | | |
| १४२ | मोटर साइकल | २०० | २०० | २०० | |
| १४३ | कार, जीप, भ्यान | ५०० | ५०० | ५०० | |
| १४४ | ट्र्याक्टर | ७०० | ७०० | ७०० | |
| १४५ | मिनी बस, मिनी ट्रक | ९०० | ९०० | ९०० | |
| १४६ | बस, ट्रक | ११०० | ११०० | ११०० | |
| १४७ | हेभी, गाडी, डोजर, क्रेन | १५०० | १५०० | १५०० | |
| १४८ | स्थानीय आवश्यकता अनुसार अन्य सिफारिस | साधारण २००, मुचुल्का सहित ३५० | साधारण २००, मुचुल्का सहित ३५० | साधारण २००, मुचुल्का सहित ३५० | |

माईजोगमाई गाउँपालिकाको राजपत्र

**अनुसुची १०**

**हाट बजार करः** गाउँपालिका क्षेत्रभित्र रहेका बजारहरुमा लाग्ने हाटबजारमा तपसिल बमोजिम हाट बजार कर लगाईने र असुल उपर गरिनेछ ।

**तपशिल :**

| **क्र.स.** | **सेवाका प्रकार तथा विवरण** |
|---|---|
| १ | गाउँपालिकाको केन्द्र रहेको नयाँबजार क्षेत्रमा हाटबजार करको लागि बार्षिक रु। १००००० र( को टेन्डर आव्हान गरि हाटबजार कर तपशिस बमोजिमको दररेटमा संकलन गरिने छ । टेन्डर मार्फत कर संकलन नहुने भएमा सोही दररेटमा गाउँपालिकाबाट कर्मचारी खटाई कर संकलन गरिनेछ । |
| २ | गाउँपालिकाका वडाहरुमा लाग्ने हाटबजारको हकमा नयाँबजार क्षेत्रमै स्वकृत दर रेटमा हाटबजार कर वडा कार्यालय मार्फत हाट बजार संकलन गरिने छ । |

| **क्र.सं.** | **पसलको नाम** | **स्थाई (भित्र)** | **अस्थाई (बाहिर)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कपडा पसल | २५ | ३० | |
| २ | जुत्ता चप्पल पसल | २५ | ३० | |
| ३ | भाडा पसल | २० | ३० | |
| ४ | किराना पसल | २० | ३० | |
| ५ | कस्मेटीक पसल | १५ | २० | |
| ६ | होटल व्यावसाय | २० | २५ | |
| ७ | मिठाइ पसल | १५ | २० | |
| ८ | इल्क्ट्रोनिक मेकानिक | २५ | ३० | |
| ९ | फर्रनिचर पसल | २० | २५ | |
| १० | मेडीकल पसल | २५ | ३० | |
| ११ | स्टेसनरी पसल | २० | २५ | |
| १२ | सुन चादी पसल | २५ | ३० | |
| १३ | हार्डव्हेर पसल | २५ | ३० | |
| १४ | इन्टीच्यूट | २५ | ३० | |
| १५ | टेलर | २५ | ३० | |
| १६ | मोची | २५ | ३० | |
| १७ | हजम | १५ | २० | |
| १८ | माछा मासु पसल | २५ | ३० | |
| १९ | साग सब्जी पसल | १० | १५ | |
| २० | चिया सुर्ति कटुवा पसल | १५ | २० | |
| २१ | स्टुडियो | २५ | ३० | |
| २२ | बँगुर खसी पाडा प्रति गोटा | १५ | २० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | स्टोर गोदाम | ५५ | ६० | |
| २४ | बियुटी पार्लर | २५ | ३० | |
| २५ | पान पसल | १५ | २० | |
| २६ | संघ संस्था | २५ | ३० | |
| २७ | मोबाइल सेन्टर | २५ | ३० | |
| २८ | मर्चा पसल | ४० | ४५ | |

माईजोगमाई गाउँपालिकाको राजपत्र

प्रमाणीकरण मितिः २०७६/०३/१०

आज्ञाले,
चन्द्र प्रकास बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

# भाग- १
# माईजोगमाई गाउँपालिका
## सम्बत् २०७६ सालको ऐन नं. २

## माईजोगमाई गाउँपालिकाको विनियोजन ऐन, २०७६

माईजोगमाई गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

**सभाबाट स्वीकृत भएको मितिः २०७६/०३/१०**

प्रस्तावनाः माईजोगमाई गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माईजोगमाई गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "माईजोगमाई गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र सशर्त रकम समेत गरी जम्मा रकम रु ३६ करोड ५४ लाख ३२ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त माईजोगमाई गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।



माईजोगमाई गाउँपालिकाको राजपत्र

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | सर्शत तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ५३० | १५३८३२ | १५८६०० | ३६५४३२ |
| २ | | वडा समिति | - | - | - | - |
| ३ | | विषयगत शाखा | - | - | - | - |
| ४ | | ऋणको साँवा ब्याज भूक्तानी | - | - | - | - |
| ५ | | लगानी (सेयर\ऋण) | - | - | - | - |

माईजोगमाई गाउँपालिकाको राजपत्र

प्रमाणीकरण मितिः २०७६/०३/१०

आज्ञाले,
चन्द्र प्रकास बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**भाग- १**

**माईजोगमाई गाउँपालिका**

सम्बत् २०७६ सालको ऐन नं. ३

# स्थानीय तहले आधारभुत र माध्यमिक तहसम्मको शिक्षालाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको शिक्षा सम्बन्धी विधेयक, २०७६

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति: २०७६/०३/२१**

प्रस्तावनाः नेपालको संविधानले तीन तहको सरकार निर्माण गरी स्थानीय तहलाई आधारभुत र माध्यमिक तहसम्मको शिक्षालाई प्रभावकारी ढङ्गले सञ्चालन गरी शिक्षाको गुणस्तर बृद्धि गर्ने प्राप्त जिम्मेवारी पूरा गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी माईजोगमाई गाउँपालिकाको गाँउसभाबाट यो शिक्षा ऐन, २०७६ जारी गरिएको छ ।

परिच्छेद - १

## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "माईजोगमाई गाउँपालिका, शिक्षा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन माईजोगमाई गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन गाउँ सभाबाट स्वीकृत तथा प्रमाणीकरण भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "संघीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) ‘‘ऐन’’ भन्नाले माईजोगमाई गाउँपालिका, शिक्ष ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) ‘‘कार्यपालिका’’ भन्नाले माईजोगमाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) ‘‘गाउँसभा’’ भन्नाले माईजोगमाई गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ङ) ‘‘कोष’’ भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(च) ‘‘गाउँपालिका’’ भन्नाले माईजोगमाई गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) ‘‘धार्मिक विद्यालय’’ भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ज) ‘‘निरीक्षक’’ भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(झ) ‘‘परिवार’’ भन्नाले विद्यालय शिक्षक वा कर्मचारीसँग सगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँदछ ।

(ञ) ‘‘परीक्षा समिति’’ भन्नाले आधारभूत तहको परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(ट) ‘‘पाठ्यक्रम विकास केन्द्र’’ भन्नाले संघीय शिक्षा ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ठ) ‘‘प्रधानाध्यापक’’ भन्नाले दफा १६ बमोजीम नियुक्त भएको विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ड) ‘‘अध्यक्ष’’ भन्नाले माईजोगमाई गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

(ढ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले माईजोगमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ण) ‘‘वडा अध्यक्ष’’ भन्नाले गाउँपालिकाको वडाको निर्वाचित वडाध्यक्षलाई सम्झनु पर्छ ।

(त) ‘‘प्रारम्भिक बाल शिक्षा केन्द्र’’ भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(थ) ‘‘व्यवस्थापन समिति’’ भन्नाले दफा ८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(द) ‘‘मन्त्रालय’’ भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ध) ‘‘शिक्षा अधिकृत’’ भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले सम्पादन गर्ने कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(न) ‘‘शिक्षा शाखा’’ भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(प) ‘‘शिक्षक किताबखाना’’ भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(फ) ‘‘शिक्षक सेवा आयोग’’ भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ब) ‘‘शिक्षा समिति’’ भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको गाँउ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(भ) ‘‘वडा शिक्षा समिति’’ भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको प्रत्येक वडाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(म) ‘‘शुल्क’’ भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

(य) ‘‘शैक्षिक गुठी’’ भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(र) ‘‘शैक्षिक सत्र’’ भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ । हालको सन्दर्भमा बैशाख एक गतेदेखि चैत्र मसान्तसम्मको समयलाई जनाउँदछ ।

(ल) ‘‘समुदायद्वारा सञ्चालित विद्यालय’’ भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी नियमावली बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(व) ‘‘सामुदायिक शिक्षक’’ भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारको अनुदानमा तलब भत्ता नियमित रुपमा पाउने स्वीकृत दरबन्दी अन्तर्गत नियुक्त शिक्षक सम्झनु पर्छ ।

(श) ‘‘सामुदायिक सिकाइ केन्द्र’’ भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(ष) ‘‘संघीय शिक्षा ऐन’’ भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(स) ‘‘संस्थागत विद्यालय’’ भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी निजी लगानीमा सञ्चालन गर्ने गरी नियमवाली बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ह) ‘‘सहकारी विद्यालय’’ भन्नाले सहकारी संस्थाहरुले लगानी गरी स्थापना र सञ्चालन गर्न कानून बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(क्ष) ‘‘विद्यालय’’ भन्नाले सबै विद्यालयलाई सम्झनुपर्छ ।

(त्र) ‘‘बाल शिक्षा’’ भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको वाल शिक्षा दिने सम्झनु पर्छ ।

(ज्ञ) ‘‘आधारभुत शिक्षा’’ भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ१) ‘‘माध्यमिक शिक्षा’’ भन्नाले कक्षा नौं देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ२) “विशेष शिक्षा” भन्नाले दृष्टि बिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अत्ति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ३) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनु पर्छः

(१) दृष्टिबिहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बैद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(ज्ञ४) “आधारभूत विद्यालय” भन्नाले प्रारम्भिक बाल कक्षा देखि आठ कक्षासम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(ज्ञ५) “माध्यमिक विद्यालय” भन्नाले कक्षा नौं देखि कक्षा बाह्रसम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(ज्ञ६) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ज्ञ७) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउछ ।

(ज्ञ८) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ज्ञ९) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगर्त बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज्ञ१०) “अनुमति” भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायतता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ज्ञ११) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्तपुरा गरेको विद्यालयलाई नेपाल सरकारले दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ज्ञ१२) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकारबाट आवसीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ज्ञ१३) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ज्ञ१४) “स्थायी आवासीय अनुमति” भन्नाले विदेश मुलुकले कुनै शर्त तोकि वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर सिटी, इमिग्रेन्ट भिसा (डि.भि), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुन सुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ज्ञ१५) “दरबन्दी मिलान” भन्नाले गाउँपालिका क्षेत्रभित्रका कार्यरत सामुदायिक विद्यालयको शिक्षक, कर्मचारीलाई समान पदमा सरुवा गर्ने, काजमा काम लागउने, दरबन्दी खारेज तथा थप गर्न सिफारीस गर्ने कामलाई सम्झनु पर्छ ।

(ज्ञ१६) “शिक्षा नियमावली” भन्नाले माईजोगमाई गाउँपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्छ ।

परिच्छेद - २

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति र विद्यालय गाभ्ने सम्बन्धी व्यवस्था

३. विद्यालय खोल्ने अनुमति वा स्वीकृतिः (१) माईजोगमाई गाउँपालिका क्षेत्रभित्र सबै प्रकार र तहका विद्यालय खोल्न, सञ्चालन गर्न, कक्षा थप गर्न अनुमति, स्वीकृति दिन गाँउ शिक्षा समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकाले गर्नेछ ।



माईजोगमाई गाउँपालिकाको राजपत्र

(२) गाउँ कार्यपालिकाले दफा ३ (१) बमोजिम अनुमति तथा स्वीकृति दिँदा विद्यालय खोल्ने प्रक्रिया, विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देज राख्नु धरौटी लगायतको व्यवस्था नियमावालीमा तोकेबमोजिम हुनेछ ।

४. विद्यालय गाभ्नेः तोकिएको विद्यालय सञ्चालनको मापदण्ड बमोजिम दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी विद्यालय सञ्चालन गर्न सकिने छ ।

परिच्छेद -३

**गाउँ कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः**

५. गाउँ कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः गाउँ कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

**गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार**

६. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः (१) माईजोगमाई गाउँपालिकामा एक गाउँ शिक्षा समिति रहनेछ ।

(२) गाउँ शिक्षा समितिको गठन प्रकृया, समितिको संख्या, काम, कर्तव्य र अधिकार साथै बैठक सञ्चालन प्रकृया माईजोगमाई गाउँपालिकाको शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

७. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः (१) माईजोगमाई गाउँपालिकाको प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ ।

(२) वडा शिक्षा समितिको गठन प्रकृया, संख्या, काम कर्तव्य र अधिकार माईजोगमाई गाउँपालिका, शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

परिच्छेद- ५

माईजोगमाई गाउँपालिकाको राजपत्र

## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्था

८. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्था: (१) माईजोगमाई गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका सबैविद्यालयहरुमा एक विद्यालय व्यवस्थापन समिति र एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन प्रक्रिया, समितिको संख्या, पदाधिकारी सम्बन्धी व्यवस्था, पदावधि, काम, कर्तव्य अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले सन्तोषजनक कार्य गर्न गराउन नसके गाउँ कार्यपालिकाले उक्त समिति भङ्ग गरी नयाँ समिति गठन गर्न सक्नेछ ।

परिच्छेद -६

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन, समन्वय र प्रारम्भिक बाल शिक्षा

९. पाठ्यक्रम: (१) माईजोगमाई गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै तह र प्रकारका विद्यालयमा संघीय तथा प्रदेश सरकारद्वारा स्वीकृत पाठ्यक्र बमोजिम मात्र पठनपाठन गरिनेछ ।

(२) संघीय तथा प्रदेश सरकारले स्वीकृत गरेका पाठ्यक्र बाहेक स्थानीय तहको विशेषता र आवश्यकता हेरि गाँउ शिक्षा समितिद्वारा स्वीकृत अतिरित्त पाठ्यक्रम पनि पठनपाठन गर्न अनुमति दिन सकिनेछ ।

१०. परीक्षा सञ्चालनर समन्वय (१) सबै प्रकारका विद्यालयहरुको आधारभूत तहको परीक्षा सञ्चालत तथा व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षा सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिम रहने परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन प्रक्रिया, संख्या, काम, कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

११. प्रारम्भिक बाल विकास केन्द्रः (१) माईजोगमाई गाउँपालिका क्षेत्रमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्ने प्रकृया, आवश्यक पूर्वाधार नियमावलीमा तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भई सञ्चालित प्रारम्भिक बाल विकास केन्द्रले स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

(३) प्रत्येक सामुदायिक विद्यालयमा प्रारम्भिक बालशिक्षा केन्द्र स्थापना र सञ्चालनको अवधारणा बमोजिम प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

परिच्छेद-७

**विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था, विद्यार्थी भर्ना गराउने समय, शैक्षिक सत्र र विद्यालय विदा**

१२. विद्यार्थी संख्याः (१) सामुदायिक विद्यालको प्रत्येक कक्षामा विद्यार्थी संख्या नेपाल सरकारले निर्धारण गरे बमोजीम हुनुपर्नेछ ।

(२) हाल सञ्चालित विद्यालयहरुमा विशेष आवश्यकतालाई हेरी नियमावलीमा तोके बमोजिम गर्नुपर्नेछ ।

(३) विद्यार्थी संख्या र शिक्षक अनुपात बारे नेपाल सरकारले निर्धारण गरेको मापदण्ड नै अन्तिम हुनेछ ।

१३. विद्यार्थी भर्ना गराउने समयः (१) गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरुमा विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था, विद्यालय भर्ना नभई अध्ययन नगर्ने व्यक्तिको परीक्षा स्थान्तरण प्रमाणपत्र, स्तरवृद्धिको लागि भर्ना हुन चाहाने विद्यार्थी, वार्षिक परीक्षा नदिई विद्यार्थी कक्षा चढाउने र कक्षा चढाउने सम्बन्धी व्यवस्था नियमावलीमा तोके बमोजिम हुनेछ ।

(२) विद्यालयमा भर्ना गर्ने समय र काम गर्ने दिन नियमावलीमा तोके बमोजिम हुनेछ ।

(३) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालय वा अन्य कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा त्यस्तो विद्यालयको प्रधानध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

स्पष्टीकरण: "पायक पर्ने विद्यालय" भन्नाले प्रचलित कानून बमोजीम ताकीएको दुरीमा रहेको विद्यालय सम्झनु पर्छ ।

(४) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिई रहेको कुनैपनि बालबालिकालाई विद्यालयबाट निश्काशन गर्न सकिने छैन । विद्यालयमा भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराव आचरण भएको भन्ने कारण देखाई निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परिक्षा दिन रोक लगाउन वा वञ्चित गर्न पाईने छैन ।

१४. शैक्षिक सत्र: (१) विद्यालयको शैक्षिक शत्र प्रत्येक वर्षको बैशाख १ गतेदेखि प्रारम्भ भई चैत्र मसान्त सम्म कायम हुनेछ ।

(२) तर कक्षा ११ र १२ को हकमा शैक्षिक सत्र हरेक सालको साउन महिनाबाट सुरु हुनेछ

१५. विद्यालय विदा: (१) तोकेको बिदा बाहेक कुनैपनि विद्यालयले विद्यालय बन्द गर्न हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था उल्लघन गर्ने विद्यालयका शिक्षकलाई गयल गरी अनुशासनको कारबाही गर्न सकिनेछ ।

(३) विद्यालयमा दिइने हिउँदे, वर्षे र अन्य विदा शिक्षा नियमावालीमा तोके बमोजिम हुनेछ ।

परिच्छेद-८

## प्रधानाध्यापक, शिक्षक र विद्यालय सहयोगी नियुक्ति, दरबन्दी मिलान तथा छनौट समिति तथा सोको काम, कर्तव्य र अधिकार

१६. प्रधानाध्यापक नियुक्ति: (१) प्रत्येक विद्यालयमा विद्यालयको शैक्षिक प्रशासनिक नेतृत्व गर्न एक प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति गरिने प्रधानाध्यापकको योग्यता, पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार शिक्षा नियामवलीमा तोके बमोजिम हुनेछ ।

१७. सहायक प्रधानाध्यापक नियुक्ति: (१) माध्यमिक तहको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुर्याउन माध्यमिक तहको शिक्षक मध्ये एक जनालाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक प्रधानाध्यापकको पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार विद्यालय व्यवस्थापन समितिले तोकेअनुसार हुनेछ ।

१८. विद्यालय सहयोगीः विद्यालयमा स्वीकृत दरबन्दीमा विद्यालय सहयोगी नियुक्त गर्न सकिनेछ ।

१९. शिक्षक तथा कर्मचारी छनौट समितिः (१)विद्यालयमा रिक्त स्वीकृत दरबन्दीमा करार शिक्षक, कर्मचारी छनौट गरी नियुक्त गर्न एक "शिक्षक तथा कर्मचारी छनौट" समिति रहेनेछ ।

(२) उपदफा (१) बमोजिम रहने समितिको गठन, संख्या, काम कर्तव्य र अधिकार शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

२०. शिक्षकको दरबन्दी मिलानः (१) माईजोगमाई गाउँपालिकाले आफ्नो क्षेत्रभित्र स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीलाई समान पदमा दरबन्दी मिलान, सरुवा, काजमा काम लगाउने दरबन्दी थप घट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा शिक्षा नियमावलीमा तोकिएको व्यवस्था बमोजिम गरिनेछ ।

(३) कुनै पनि शिक्षक, कर्मचारीलाई दरबन्दी नभएको पदमा सरुवा वा दरबन्दी मिलान गर्न पाइने छैन ।

परिच्छेद-९

**छात्रवृत्ति, निःशुल्क शिक्षा र अनिवार्यरुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने व्यवस्था**

२१. छात्रवृत्ति र निःशुल्क शिक्षाः (१) संस्थागत विद्यालयले प्रचलित कानून एवं गाँउपालिकाको कानून बमोजीम तोकीएको मापदण्ड र प्रकृयाबाट अनिवार्यरुपमा छात्रवृत्ति तथा निःशुल्क पढ्ने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(२) सामुदायीक विद्यालयले नेपाल सरकारले निर्धारण गरे बमोजीमको शिक्षा निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

२२. अनिवार्यरुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्नेः (१) गाउँपालिका क्षेत्रभित्रका पाँच वर्ष उमेर पुगेका बालबालिकालाई आधारभूत शिक्षाको लागि अनिवार्य विद्यालय पठाउनु पर्नेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

(२) उपदफा (१) बमोजिमको व्यवस्था विपरीत बालबालिकालाई विद्यालय नपठाउने अभिभावक पहिचान गरी गाउँपालिकाले प्रवाह गर्ने सुविधा आंशिक वा पूरै समेत रोक्का गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बाहेक अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

परिच्छेद- १०

## शिक्षक कर्मचारीको विदा तथा काज सम्बन्धीको व्यवस्था

२३. शिक्षक कर्मचारीको विदाः (१) शिक्षक कर्मचारीले पाउने विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

(२) शिक्षक कर्मचारीले पाउने सबै प्रकारको विदा नेपाल सरकार र शिक्षा नियमावलीमा तोकिएबमोजिम मात्र हुनेछ ।

(३) शिक्षक कर्मचारीले पाउने विदाको विवरण, सेवाभित्र पाउने विदा, सञ्चित हुने, नहुने विदा, विदा स्वीकृत गर्नुपर्ने व्यवस्था शिक्षा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

२४. काजः कुनै कार्यरत शिक्षक कर्मचारीलाई विद्यालयको कामको सन्दर्भमा विद्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयले काजमा खटाउन सक्नेछ ।

परिच्छेद-११

## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

२५. विद्यालयको चिन्हः विद्यालयको चिन्ह सटकोण हुनेछ । प्रत्येक विद्यालयको व्यवस्थापन समितिले निर्णय गरी सटकोणको बिचमा आफ्नो-आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

२६. विद्यालयको नामाकरणः विद्यालयको नामारण गर्ने प्राथमिकता र प्रकृया शिक्षा नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

परिच्छेद-१२

## विद्यालयको सम्पति संरक्षण र अनुदान सम्बन्धी व्यवस्था

२७. विद्यालयको सम्पति संरक्षण: (१) विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ । यस्तो कार्यमा सहयोग गर्नु सबै शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(२) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने दायित्व कार्यरत शिक्षक कर्मचारीको समेत हुनेछ ।

(३) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने व्यवस्था नियमावलीमा तोके बमोजिम हुनेछ ।

२८. अनुदान सम्बन्धी व्यवस्था: (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गरी अनुदान उपलब्ध गराउनेछ ।

(२) विद्यालयले प्राप्त गरेको अनुदान तोकिएको कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ ।

(३) विद्यालयको विकास र शैक्षिक उन्नतिको लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी स्थानीय स्रोतबाट समेत व्यवस्थापन गर्न सक्नेछ ।

परिच्छेद-१३

## विद्यालयको बजेट, आयव्यय, लेखा तथा अन्य व्यवस्था

२९. विद्यालयको बजेट, आयव्यय: (१) विद्यालयको रकम जम्मा गर्ने एक कोष हुनेछ । विद्यालयमा प्राप्त भएको सबै प्रकारको रकम विद्यालयको कोषमा जम्मा गरेर मात्र खर्च गर्नु पर्नेछ ।

(२) विद्यालयले प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगाबै विद्यालय व्यवस्थापन समितिबाट आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम स्वीकृत गरेर मात्र काम गर्नुपर्नेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

३०. विद्यालयको लेखा तथा अन्य व्यवस्था: विद्यालयको कोषको खाता सञ्चालन, लेखा प्रणाली, बजेट तयार गर्ने, लेखा परीक्षण, प्रतिवेदन पेश गर्ने, विद्यालयको कामको सामाजिक परिक्षण, बरबुझारथ सम्बन्धी नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद १४

## कसुर तथा जरीवाना

**३१.कसुर तथा जरीवाना:** (१) देहायको कसुर कार्य गरेको हकमा कसुर गरेको मानि देहाय बमोजीम सजाय हुनेछ। अन्य कसुर कार्यको हकमा यस ऐन बमोजीम तथा यस ऐन बमोजीम बनेको नियमावलीले तोकेकोमा सोही बमोजीम र अन्यमा प्रचलित कानून बमोजीम सजाय हुनेछ ।

(क) दफा १३ को उपदफा (३) बमोजीम भर्ना गर्न इन्कार गरेमा ,

(ख) कसैले दफा १३ को उपदफा (४) विपरीत हुने गरीको कर्य गरेमा,

(ग) दफा २१ बमोजीमको कार्य गर्न इन्कार गरेमा ।

(२) कसैले उपदफा (१) बमोजीमको कार्य गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको पन्ध्र दिनभित्रमा न्यायीक समितिमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा(१) को खण्ड (क), (ख) र खण्ड (ग) बमोजीमको कसुर गर्नेलाई पाँच सय रुपैयाँ देखि पाँच हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजीम न्यायीक समितिले गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णय भए गरेको मितिले पैंतिस दिन भित्रमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद १५

## विविध

३२. अतिरिक्त क्रियाकलाप: (१) विद्यालयमा अतिरिक्त क्रियाकलाप शैक्षिक क्रियाकलापको अंग मानी विद्यालयले तालिका बमोजिम गराउनु पर्नेछ ।

(२) अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था नियमावली बमोजिम हुनेछ ।

३३. आचार संहिता: विद्यालय र शैक्षिक गतिविधिको सन्दर्भमा गाउँ कार्यपालिका र वडा समितिका पदाधिकारीहरु तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता शिक्षा नियमावली बमोजिम हुनेछ ।

३४. अनुमति नलिई अन्य कार्य गर्न नपाइने: (१) विद्यालय शिक्षक तथा कर्मचारीले गाउँ शिक्षा समिति तथा गाउँ कार्यपालिकाको पूर्व अनुमति वा स्वीकृति नलिई कुनै व्यक्ति, संघ संस्था, कम्पनीको परामर्श सेवा, ब्रीज कोर्ष, भाषा शिक्षण कक्षा, ट्युसन कक्षा, पूर्व तयारी कक्षा सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था उल्लङ्घन गर्नेलाई तत्काल कारबाही गरी संचालन गरिरहेको कोर्ष बन्द गरिनेछ र गाउँपालिकाको निर्णय बमोजिम दण्ड जरिवाना समेत गर्न सकिनेछ ।

(३) शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम शिक्षण कोर्ष, ट्युसन सेन्टर सञ्चालन गर्ने अनुमति दिने व्यवस्था शिक्षा नियमावली बमोजिम हुनेछ ।

३५. नियमावली बनाउन सकिने: यस ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न माईजोगमाई गाउँ कार्यपालिकाले नियमावली वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ । यस अघि कार्यपालिकाबाट स्वीकृत भई प्रचलनमा रहेको नियमावली यसै ऐन अनुसार भएको मानिनेछ ।

३६. बचाऊ तथा खारेज: नेपाल सरकार, प्रदेश सरकारद्वारा जारी भएका प्रचलित शिक्षा ऐन सँग यो शिक्षा ऐनमा लेखिएको कुरा बाझिन गएमा नेपाल सरकार, प्रदेश सरकारद्वारा जारी भएका प्रचलित शिक्षा ऐनमा लेखिएको कुरा मान्य हुनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

प्रमाणीकरण मितिः २०७६/०३/२१

आज्ञाले,
चन्द्र प्रकास बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## भाग- १

## माईजोगमाई गाउँपालिका

## सम्बत् २०७६ सालको ऐन नं. ४

# खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६

**गाउँकार्यपा लकाबाट स्वीकृत मतिः २०७६/०३/२१**

प्रस्तावना : माईजोगमाई गाँउपालिका क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई त्यस्तो क्षेत्रका बासिन्दालाई सहज रुपमा भरपर्दो सेवा उपलव्ध गराउन र ढल निकास तथा फोहोरपानीको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले माईजोगमाई गाँउपालिकाको गाँउसभाले नेपालको संविधानको धारा २२६(१), स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजीम यो ऐन बनाई लागु गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षित नाम र प्रारम्भ : (१) यस ऐनको नाम “खानेपानी तथा सरसफाई ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन माईजोगमाई गाँउपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन माईजोगमाई गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “गाँउपालिका” भन्नाले माईजोगमाई गाँउपालिका सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले गाँउपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) “सभा” भन्नाले माईजोगमाई गाँउपालिकाको गाँउ सभालाई सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले माईजोगमाई गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) “वडा” भन्नाले माईजोगमाई गाँउपालिकाको वडा सम्झनु पर्छ ।

(च) “प्राकृतिक पानी” भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घेरेलु, सार्वजनिक, संस्थागत वा औधोगीक उपयोगको लागी खानेपानी आपूर्ती गर्ने वा प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने कार्य सम्झनु पर्छ र सो शव्दले थोक, ट्यांकर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कायलाई समेत जनाउँछ ।

(ज) “सरसफाई सेवा” भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ र सो शव्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ ।

(झ) “ढल निकास ” भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगल ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) “ फोहोरपानी ” भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निश्कासन हुने मानव मलमूत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शव्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत सम्झनु पर्छ ।

(ट) “ पानीको स्रोत ” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा, मूल तथा मुहान जस्ता सतही वा भूमीगत जलस्रोत सम्झनु पर्छ र सो शव्दले आकाशेपानी तथा पानीको आपूर्ती गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ठ) “घरेलु उपयोग ” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसावारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरयासी प्रयोजनको लागी प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ड) “खानेपानीको संस्थागत उपयोग ” भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा व्यापारीक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शव्दले औधोगीक संस्थाहरुले औधोगीक प्रयोजन बाहेक उपयोग गर्ने खानेपानीलाई समेत जनाउँछ ।

(ढ) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागी वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शव्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थलहरुमा प्रयोग गरिने खानेपानीको उपयोग समेतलाई जनाउँछ ।

(ण) “गुणस्तरीय खानेपानी” भन्नाले मानव तथा पुशपंशी स्वास्थ्यको लागी हानीकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ ।

(त) “सेवा” भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(थ) “अनुमतिपत्र” भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवाप्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(द) “सेवाप्रदायक” भन्नाले गाँउपालिका वा गाँउपालिकासँग सम्झौता गरी खानेपानी सेवा, सरसफाई सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने गराउने अनुमतीपत्र प्राप्त अन्य कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठीत संस्था सम्झनु पर्छ ।

(ध) “संगठीत संस्था” भन्नाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्नको लागी प्रचलित कानून बमोजीम दर्ता भई स्थापना भएका उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शव्दले प्रचलित कानून बमोजीम खानेपानी तथा सरसपफाई सेवा प्रदान गर्ने उदेश्यले गठन वा स्थापना भएका संस्थान, वोर्ड, समिति, प्राधिकरण वा त्यस्तै प्रकृतिका निकाय समेतलाई जनाउँछ ।

(न) “सेवा प्रणाली” भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले खानेपानीको मुहान, निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शव्दले खानेपानी तथा सरसफाई सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचना समेतलाई जनाउँछ ।

(प) “महसुल” भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(फ) “उपभोक्ता ” खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ ।

(ब) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## खानेपानी तथा सरसफाई सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाईको अधिकार :** (१) प्रत्येक नागरिकलाई स्वच्छ खानेपनी तथा सरसफाईमा देहायको पहूँचको अधिकार हुनेछ ।

(क) स्वच्छ खानेपानीमा सुलभको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाईमा सुलभ पहूँचको अधिकार,

माईजोगमाई गाउँपालिकाको राजपत्र

**४. नागरिकको कर्तव्यः** पानीको मूल वा मुहान सफा राख्ने, संरक्षण गर्ने, दिगो रुपले उपयोग गर्ने प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षण सम्बन्धी कार्यः** (१) खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागी गाँउपालिकाले देहाय बमोजीमको कार्य गर्नुपर्नेछ ।

(क) गाँउपालिका आफैले वा प्रदेश सरकार र संघिय सरकार सँगको समन्वयमा पानीको स्रोत संरक्षणको लागी बाढी पहिरो नियन्त्रण गर्ने,

(ख) पानीको मूल वा मुहानलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्थ गर्ने र पानीको स्रोत नष्ट वा लोपहुनबाट बचाउने ।

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाउन नियमित रुपमा मर्मत वा सम्हार गर्ने र उपयुक्त उपाय अवलम्बन गर्ने ।

(घ) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(ङ) पानीको मुहान संरक्षण गर्न, पानी प्रदुषित हुन नदिन र पानीको समुचित उपयोग गर्ने सम्बन्धमा उपभोक्ता वा सम्बद्ध पक्षहरुको लागी सचेतना लगायता विभिन्न कायक्रमहरु सञ्चालन गर्ने,

(च) पानीको श्रोत प्रदुषित हुन नदिन वा पानीको मूल संरक्षण गर्न जैविक खेती गर्न कृषकलाई प्रोत्साहीत गर्ने,

(छ) पानीको मूलमा वा वहाव क्षेत्रमा प्रतिकुल असर पर्नेगरी विषादी वा विष्पोटक पदार्थ प्रयोग गर्न रोक लगाउने

(ज) अन्य आवश्यक कार्य गर्ने ।

**६. खानेपानी तथा सरसफाई सेवाको सञ्चालन, व्यवस्थापन तथा जिम्मेवारी र दायीत्व :(१)** खानेपानी तथा सरसफाई सेवाको सञ्चालन, व्यवस्थापन तथा जिम्मेवारी र दायीत्व गाँउपालिकाको देहाय बमोजीम हुनेछः

(क) गाँउपालिकाले आधारभूत स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

(ख) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ग) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(घ) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने।

(ङ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(च) प्रचलित कानूनबमोजिम सेवाको महसुल दर निर्धारण गर्ने,

(छ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ज) सेवाप्रदायक संस्थलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने,

(झ) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ञ) सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ट) सरसफाई सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

(ठ) उपभोक्ता समिति वा अन्य कुनै संघ संस्थाहरुबाट सेवा सञ्चालन हुँदै आएका खानेपानी वितरण सेवालाई सम्बन्धित उपभोक्ता समिति वा संघ संस्थाहरु सँग सहमती गरि तोकीए बमोजीम गाँउपालिका मातहतमा ल्याई प्रभावकारी सेवा सञ्चालन गर्ने ।

(ड) फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन गर्ने गराउने

(ढ) स्थानीय तहबाट सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाको मर्मत सम्भार र पुनःस्थापना गर्ने ।

(ड) खानेपानी तथा सरसफाई सेवा तथा वितरण प्रणाली गाँउपालिका वा खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न गाँउपालिकाबाट अनुमति प्राप्त संस्था वा उपभोक्ता मार्फत गर्ने गराउने । तर उपभोक्ता मार्फत खानेपानी सेवा तथा वितरण गराउँदा गाँउपालिका सँग भएको सहमती र सम्झौता बमोजीम हुनेछ ।

ढ) खानेपानी तथा सरसफाई सेवाको सञ्चालन, व्यवस्थापन गर्न आर्थिक व्यावस्थापन गर्ने ।

णप्रदेश सरकार संघिय सरकार ( सँग समन्वय गर्ने ।

## परिच्छेद -३

## विशेषाधिकार सम्बन्धी व्यवस्था

**७. लगानी गर्न सक्ने :** (१) गाँउपालिकाले दफा १४ बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिएबमोजिम हुनेछन् ।

**८. घर जग्गामा प्रवेश गर्न सक्ने :** (१) गाँउपालिकाको कुनै सदस्य वा कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको

अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन ।

**९. निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने :** (१) गाँउपालिकाको निर्णय बमोजीम उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी पर्न गएमा समितिले सोबापत सम्बन्धित घर जग्गाधनीलाई गाँउ कार्यपालिकाले निर्णय गरे बमोजीमको मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**१०. सेवा प्रदायकसँग शुल्क लिन सक्ने** : (१) गाँउपालिका वा गाँउपालिकाले अधिकार प्रत्यायोजन गरि गठन भएको कुनै समितिले गाँउपालिकाको भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिएबमोजिम शुल्क लिन सक्नेछ ।

(२) गाँउपालिकाले अन्य कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा अनुमतिपत्रमा उल्लेख भएबमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असूलउपर गर्नेछ ।

**११. अतिरिक्त दस्तुर वा जरीवाना लगाउने :** (१) उपभोक्तालाई नियमित सेवा भन्दा थप सेवा उपलब्ध गराइएकोमा तथा उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा त्यस्तो उपभोक्ताबाट गाँउपालिका वा गाँउपालिकाले अधिकार प्रत्यायोजन गरि गठन भएको कुनै समितिले तोकिएबमोजिम अतिरिक्त दस्तुर वा जरीवाना असूलउपर गर्न सक्नेछ ।

(२) गाँउपालिका सँग सम्झौता गरी वा अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले समेत उपदफा (१) बमोजिमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ ।

**१२. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने** : (१) यस ऐन वा प्रचलित कानूनबमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा गाँउपालिका वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले गाँउपालिका वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-४

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

**१३. कसूर तथा सजाय :** (१) कसैले यो ऐन वा यसअन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा जोसुकैले न्यायीक समिति समक्ष उजुर दिन वा कारवाहीको लागी प्रतिवेदन दिन सक्नेछ। न्यायीक समितिले त्यस्तो उजुर वा प्रतिवेदन उपर छानविन तथा सुनवाई गरि त्यस्तो व्यक्तिलाई देहायबमोजिमको आदेश वा सजाय गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानीको मनासिव क्षतिपूर्ती भराई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसूरको मात्रा हेरी पच्चीस हजार देखि एकलाख रुपैयाँसम्म जरिबाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गरी सेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगोबमोजिम जरिबाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्न।

(२) न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सजाय भए गरेको मितिले पैंतिस दिन भित्रमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-५

## कोष र लेखापरीक्षण

**१४. उपभोक्ता संरक्षण कोष :** (१) गाँउपालिकाले दफा १३ अन्तर्गत जरिबाना बापत प्राप्त गरेको रकम जम्मा गर्न एउटा उपभोक्ता संरक्षण कोष खडा गर्नेछ।

माइजोगमाइ गाँउपालिकाको राजपत्र

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, सेवा प्रणालीको आवश्यकता अनुसार मर्मत सम्भार गर्न वा पुनर्निर्माण गर्न तथा तोकिएबमोजिम उपभोक्तालाई अनुदान दिने काममा प्रयोग गरिनेछ ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र उपयोगसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछन् ।

**१५. लेखा र लेखापरीक्षण :** (१) कोषको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) गाँउपालिकाले तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ ।

(३) कोषको लेखापरीक्षण कार्यपालिकाले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(४) कार्यपालिकाले चाहेमा जुनसुकै बखत कोषको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद-६

### विविध

**१६. निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा गाँउपालिकाले सेवा प्रदायक वा उपभोक्ता वा सम्बधीत पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सबैको कर्तव्य हुनेछ ।

**१७. वार्षिक प्रतिवदेन पेश गर्नु पर्ने :** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरुसमेत समावेश गरी प्रमुख प्रशासकिय अधिकृतले वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले अध्यक्ष मार्फत गाँउसभा समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) कोषको आम्दानी र खर्चको विवरण,

(ख) खानेपानी सम्बन्धी वर्षभरी सम्पादन भएको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

**१८. समिति गठन गर्न सक्ने :** (१) गाँउपालिकाले आफूले गर्नुपर्ने कुनैपनि काम कारबाही र जिम्मेवारी सुचारुरुपले गर्नका लागी आवश्यकता अनुसार समिति गठन गर्न र अधिकार प्रत्यायोजन गरि सेवा सञ्चालन गर्न सक्नेछ ।

।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार तथा समितिका सदस्यले पाउने सुविधा तोकिएबमोजिम हुनेछन् ।

**१९. नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क :** गाँउपालिकाले नेपाल सरकार र प्रदेश सरकार सँग सम्पर्क राख्दा सम्बन्धित मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

**२०.** यस ऐन बमोजीम कसुर मानिने कुनै काम कारवाहीमा प्रचलित कानून बमोजीम सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजीम पनि मुद्धा चलाउन तथा कारवाही गर्न यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन ।

**२१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ र त्यस्तो नियम कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ

**(२२) बचाउः** यस ऐनमा लेखिएजती कुरामा यसै ऐन बमोजीम र अन्य कुरामा तथा यस ऐनमा लेखिएको कुनैकुरा प्रदेश तथा संघिय कानून सँग बाझीन गएमा बाझिएको हदसम्म प्रदेश तथा संघिय कानून बमोजीम हुनेछ ।

माईजोगमाई गाँउपालिकाको राजपत्र

प्रमाणीकरण मितिः २०७६/०३/२१

आज्ञाले,
चन्द्र प्रकास बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## भाग- १
## माईजोगमाई गाउँपालिका
## सम्बत् २०७६ सालको ऐन नं. ५

# खेलकुद विकास विधेयक, २०७६

गाउँकार्यपा लकाबाट स्वीकृत मति: २०७६/०३/२१

**प्रस्तावना :** खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त स्थानीयस्तरमा खेलकुद संरचनाको पूर्वाधार निर्माण गर्दै खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताको माध्यमबाट सबै किसिमको खेलकुदको विकास एवं प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले माईजोगमाई गाँउपालिकाको गाँउसभाले नेपालको संविधानको धारा २२६(१), स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजीम यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम खेलकुद विकास ऐन, २०७६ रहेको छ .

(२) यो ऐन माईजोगमाई गाँउपालिकाको गाँउसभाले पास गरि प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट प्रारम्भ हुनेछ ।

(३) यो ऐन माईजोगमाई गाँउपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “परिषद भन्नाले दफा ३ बमोजिम माईजोगमाई गाँउपालिकामा स्थापना भएको परिषद सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले परिषदको अध्यक्ष सम्झन’ पर्छ ।

(ग) “सदस्य” भन्नाले परिषदको सदस्य सम्झन’ पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत जनाउँनेछ ।

(घ) “सदस्य-सचिव” भन्नाले परिषदको सदस्य-सचिव सम्झनु पर्छ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

(ङ) “खेलकुद विकास समिति” भन्नाले दफा ११ बमोजिम गठित खेलकुद विकास समिति सम्झनु पर्छ ।

(च) “खेलकुद सम्बन्धी संस्था” भन्नाले दफा १२ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ

(छ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झन’ पर्छ .

**<u>३. परिषदको स्थापना :</u>** (१) खेलकुदको विकास गर्नको लागि माईजोगमाई गाँउपालिकामा खेलकुद परिषदको नामले एक परिषदको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषदमा देहायका सदस्यहरु रहनेछन्:-

(क) कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - अध्यक्ष

(ख) सामाजिक विकास समितिको महिला -सदस्य

(ग) शिक्षा तथा खेलकुद शााखा प्रमुख -सदस्य

(घ) स्थानीय वा प्रदेश वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका कम्तीमा दुईजना महिला सहित १ खेलाडी पर्ने गरी गाँउकार्यपालिकाबाट मनोनीत बढीमा चारजना -सदस्य

(ङ) स्थानीय स्तरका खेलकुद सम्बन्धी संस्थाहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट परिषदको अध्यक्षले मनोनीत गरेका दुई जना -सदस्य

(च) गाँउपालिका क्षेत्र भित्र रहेका माध्यमिक विद्यालयहरुबाट समितिले मनोनीत गरेका दुईजना शिक्षक- सदस्य

(३)परिषदको अध्यक्षले सदस्यहरु मध्येबाट समितिको उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षको नियुक्ति गर्नेछ ।

(४) परिषदले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ .

(५) परिषदको कार्यालय गाँउपालिकाको कार्यालय रहेको स्थानमा रहनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

(६) अध्यक्षले परिषदको वार्षिक प्रतिवेदन गाँउकार्यपालिका समक्ष पेश गर्नेछ ।

(७) खेलकुद सम्बन्धि सबै काम कारवाहीको निमित्त परिषदको आफ्नो छुट्टै छाप हुनेछ ।

(८) परिषद अविछिन्न उत्तराधिकारीवाला संस्था हुनेछ ।

**४. परिषदको संरक्षकः** परिषदको संरक्षक गाँउपालिकाको अध्यक्ष हुनेछ।

**५. पदावधि :** (१) मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रकृया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा परिषदको सिफारिशमा कर्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन।

**६. सदस्यको अयोग्यता :** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(घ) मगज बिग्रेको,

(ङ) १८ वर्ष उमेर पुरा नभएको ।

**७. सदस्यता समाप्त हुने अवस्था :** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यू भएमा, वा

(घ) परिषदलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**<u>८. परिषदको बैठक र निर्णय :</u>** (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषदको बैठक बोलाउनेछ ।

(२) परिषदको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषदको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) परिषदको बैठक वर्षको कम्तिमा दुईपटक वस्नेछ । अन्य अवस्थामा आवश्यकता अनुसार वस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउन पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**<u>९. परिषदको काम, कर्तव्य र अधिकार :</u>** परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको स्तरमा बृद्धि गर्न समय समयमा गाँउपालिका क्षेत्र भित्र विभिन्न खेलकुदका प्रतियोगिताहरुको आयोजना गर्ने,

(ख) खेलकुद सम्बन्धी प्रतियोगितामा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई पठाउने,

(ग) गँउकार्यपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने,

(घ) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि गाँउकार्यपालिका समक्ष सिफारिश गर्ने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(च) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) खेलकुदको उत्तरोत्तर विकासको लागि आवश्यकतानुसार माईजोगमाई गाँउपालिका क्षेत्र भित्र खेलकुद भवन तथा खेलकुद मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

(ज) खेलकुदको विकासको लागि अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार सँग समन्वय सम्पर्क गर्ने,

(झ) खेलकुद सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ञ) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहबाट तालीम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार स्वेदश तथा विदेशमा समेत तालीम हासिल गर्नको लागि पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्ले गाँउ कार्यपालिका, प्रदेश सरकार र नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

(ट) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि गाँउकार्यपालिका समक्ष सिफारिश गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**१०. समिति वा उपसमिति गठन गर्न सक्ने :** (१) परिषदले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्न पर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**११. खेलकुद विकास समिति :** (१) खेलकुदको विकास र विस्तार गर्नको लागि परिषदले तोके बमोजिम गाँउपालिकास्त्तरीय तथा प्रत्येक वडामा वडा स्त्तरीय खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित खेलकुद विकास समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. खेलकुद सम्बन्धी संस्थाको दर्ता :** (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले परिषदमा समेत दफा १३ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाँउपालिकामा दर्ता नभएको खेलकुद सम्बन्धी संस्थाले माईजोगमाई गाँउपालिका क्षेत्र भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

**१३. नाम दर्ताको लागि दरखास्त दिनु पर्ने :** (१) परिषदमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषदमा नाम दर्ताको लागि दरखास्त दिन पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

**१४. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :** (१) दफा १३ बमोजिम नाम दर्ता गराउनको लागि खेलकुद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको

मितिले पैंतीस दिन भित्र परिषदले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना गँउपालिकाले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिन पर्नेछ ।

**१५. हेरफेरको सूचना गर्न पर्ने :** (१) यो ऐन बमोजिम परिषदको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्न परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र परिषदलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्न पर्ने कारण मनासिव देखेमा परिषदले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

**१६. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने :** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषदले तोकिदिएको ढाँचामा राख्न पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषदले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

**१७. परिषद्ले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :** (१) परिषद्ले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १६ बमोजिम परिषद्ले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको

श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

**१८. परिषद्को स्वीकृति लिनु पर्ने :** माईजोगमाई गाँउपालिकामा भएका खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपालमा हुने खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषद्को स्वीकृति लिनु पर्नेछ ।

**१९. परिषद्को कोष :** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(ग) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकद्धारा इजाजत प्राप्त अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को खाता संचालन तोकिए बमोजिम हुनेछ ।

**२०. सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्ने :** परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा गाँउ कार्यपालिका, प्रदेश सरकार र नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

**२१. लेखा र लेखापरीक्षण :** (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण नेपाल सरकारको प्रचलित कानून बमोजीम हुनेछ ।

(३) गाँउपालिकाले चाहेमा परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**२२. सदस्यहरुको भत्ता :** (१) सदस्यहरुले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले परिषद्को काम विशेषले भ्रमण गर्न परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

**२३. सदस्य-सचिवको पारिश्रमिक र भत्ता :** (१) सदस्य-सचिवले परिषद्मा पुरा समय काम गरे बापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) सदस्य-सचिवले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ ।

**२४. परिषद्को कर्मचारी :** (१) परिषद्ले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकतानुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

**२५. अधिकार प्रत्यायोजन :** परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष, सदस्य वा परिषद्का कुनै कर्मचारी वा समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२६. गाँउकार्यपालिकाले निर्देशन दिन सक्ने :** (१) गाँउकार्यपालिकाले खेलकुदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाँउकार्यपालिकाले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**२७. सजायः** (१) परिषद्को कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा परिषदले निजबाट बिगो असुल गरी निजलाई विगो वरावर जरिबाना गर्न सक्नेछ ।

(२) परिषद्को कुनै कर्मचारीले परिषद्को लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा परिषदले त्यस्तो कर्मचारीलाई पाँच हजार रुपैया सम्म जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) परिषदले गरेको सजाय उपर चित्त नबुझेमा त्यस्तो सजाय भएको मितिले पन्ध्र दिन भित्रमा न्यायीक समिति समक्ष निवेदन दिन सक्नेछ । न्यायीक समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भए गरेको मितिले पैंतिस दिन भित्रमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२८. नियम बनाउने अधिकारः** गाँउकार्यपालिकाको स्वीकृति लिई परिषदले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२९. खारेजी र बचाउः** यस ऐनमा लेखिएका कुनै व्यवस्था प्रदेश सरकार र नेपाल सरकारले बनाएको कानून सँग वाझिन गएमा वाझिएको हदसम्म यस ऐनमा लेखिएको व्यवस्था लागु नभई प्रदेश सरकार र नेपाल सरकारले बनाएको कानूनमा भएको व्यवस्था मान्य हुनेछ ।

माईजोगमाई गाउँपालिकाको राजपत्र

प्रमाणीकरण मितिः २०७६/०३/२१

आज्ञाले,
चन्द्र प्रकास बस्नेत
प्रमुख प्रशासकीय अधिकृत